रामेछाप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार, रामेछाप

बागमती प्रदेश

(पशुपन्छी तथा मत्स्य विकास शाखा)

पत्र संख्या.०८२/८३

चलानी नं

## प्रजनन् तथा नश्ल सुधारका लागि उन्नत जातको राँगो माग सम्बन्धी सूचना ।

### प्रथम पटक प्रकाशित मिति २०८२/१२/०४

रामेछाप नगरपालिका, पशुपन्छी तथा मत्स्य विकास शाखाको चालु आ.व. २०८२/०८३ को नगर स्तरीय बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रजनन् तथा नश्ल सुधारको लागि उन्नत जातको राँगो वितरण कार्यक्रम रामेछाप नगरपालिका भित्रका वडाहरुमा मागको आधारमा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक पशुपालक समुह/सहकारी/समिति/पशुपालन निजी फर्म र व्यवसायिक कृषकहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति२०८२/१२/२५ गते कार्यालय समय भित्र यस कार्यालयले तोकिएको ढाँचा (अनुसूची-१,२,३ र ४) अनुसारको कागजात सहित आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानाकारी गराईन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा जानकारी गराउदै यस विषयमा थप जानकारीका लागि पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

क) कार्यक्षेत्र : रामेछाप नगरपालिका, रामेछाप ।

| क्र.स. | कार्यक्रमको नाम | संख्या | प्रति इकाई अनुदान रकम | कार्यक्रम सञ्चालन |
|---|---|---|---|---|
| १. | प्रजनन् तथा नश्ल सुधारका लागि उन्नत जातको राँगो वितरण कार्यक्रम | २(दुई) | रु.१०००००।- (अक्षरुपी एक लाख मात्र) | नगरपालिकाको पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ , र उन्नत गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८१ अनुसार |

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

(१) सम्बन्धित निकायमा कृषि समुह/सहकारी संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र व्यवसायिक कृषकहरुको हकमा परिचय खुल्ने कागजात।

(२) कार्यक्रम सञ्चालन हुने स्थान जग्गा/जमिन को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

(३) निवेदकको नागरिकता वा अन्य परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(४) अनुसूची १ अनुसारको निवेदन,अनुसूची २ अनुसारको प्रतिवद्वता पत्र, अनुसूची ३ अनुसारको कार्ययोजना र अनुसूचि ४ अनुसारको स्व-घोषणा पत्र ।

(५) अनुसूची १ बमोजिम निवेदन साथै सम्बन्धित वडाको सिफारिस पत्र ।

(६) भैंसीको संख्या (तथ्याङ्क) ।

<u>अन्य थप जानकारीका लागि सम्पर्क नं. ०४८-५९०१९७ र ९७४८२६४९६० मा सम्पर्क गर्न सकिनेछ</u>

..............................

भोलाप्रसाद चाँपागाईं

प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

Scanned with CamScanner

अनुसूचि-१

आवेदन-पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
रामेछाप नगरपालिका
रामेछाप बजार, रामेछाप ।

विषयः प्रस्ताव पेश गरीएको बारे ।

तहाँ कार्यालयको मिति................ गतेको सूचना अनुसार..........................कार्यक्रममा साझेदारी गर्न इच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु। कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

संलग्न कागजातहरुः

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि
२.अनुसूचि-१ बमोजिमको आवेदन पत्र, अनुसूचि-२ बमोजिमको प्रतिवद्धता पत्र, अनुसूचि-३ कार्ययोजना र अनुसूचि- ४ बमोजिमको स्व-घोषणा पत्र ।
३. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता, नविकरण,पान नं. र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात ।
५. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको स्पेसिफिकेशनको प्रतिलिपि।
६. कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि ।
७. सम्बन्धित वडाको सिफारिस पत्र ।
८. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र

निवेदक
नामः
ठेगानाः
मोवाईल नं.:
दस्तखतः

संस्थाको छापः

Scanned with CamScanner

अनुसूचि-२

**प्रतिवद्धता पत्र**

तहाँ कार्यालयको मिति............... गतेको सूचना अनुसार.........................कार्यक्रममा साझेदारी गर्न इच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो प्रतिवद्धता पत्र पेश गरेको छु। कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न नगरेमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला साथै सञ्चालित क्रियाकलापबाट वातावरणमा कुनै किसिमको नकारात्मक असर नपुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

साझेदारको तर्फबाट

नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

संस्थाको छापः

Scanned with CamScanner

Scanned with CamScanner

# अनुसूचि -३

## कार्ययोजना विवरण

१. व्यवसायको परिचयः

२. उदेश्यः

३. गाई/भैंसी पालन व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरणः

६. साझेदारीमा सञ्चालन गरिने प्रस्तावित कार्यविवरणः (रकम रु.......)

| क्र.स. | कार्यक्रम विवरण | अनुदान रकम | स्वलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोठ निर्माण | | | | |
| २ | | | | | |
| ३ | | | | | |

क) पशुपन्छी तथ्यांक

| क्र.स. | पशुको प्रजाति | हाल पालिएको संख्या/क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/क्षेत्रफल | पशुको शारिरीक अवास्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ख) जग्गा सम्वन्धि विवरणः

| क्र.स | जग्गा धनिको नाम | भौतिक संरचना | क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७. साझेदारीमा गाई/भैंसी प्रवर्द्वन गर्ने आवेदकले न्युनतम अनुदान रकम र स्वलगानी रकम प्रस्तावित कार्य योजनामा समावेश गर्नु पर्नेछ।

८. अपेक्षित वार्षिक प्रतिफलः

आवेदकले आवेदन पेश गर्ने साझेदारकोः

निजी फर्म/समुह/सहकारीको नाम ............................................... सम्पर्क नं..........................

ठेगानाः जिल्ला ........................... नगरपालिका .................... वडा नं. ..........

गाउँ/टोल ......................

गाई/भैंसी पालन गरिने स्थानः ..................

आवेदकको तर्फबाट सहीः

नामः

दस्तखतः संस्थाको छापः

मितिः

# अनुसूचि-४

## स्व-घोषणा पत्र

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
रामेछाप नगरपालिका
रामेछाप बजार, रामेछाप ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ......................... का सूचना अनुसार ........................................... ले प्रजनन् तथा नश्ल सुधारको लागि उन्नत राँगो वितरण कार्यक्रममा प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यस स्व-घोषणा झूटो पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिल,

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

२. कुनैपनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।

३. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनको लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।

**आवेदकको नाम:**

पद:

ठेगाना:

समूह/सहकारी/फर्मको नाम:

समूह/सहकारी/फर्मको छाप:

सम्पर्क नं.:

औठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

Scanned with CamScanner